'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १०० | शुक्रवार २१ मंसिर, २०८१ | 06 (Friday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

## पहिलो चौमासिकमा नेपालगन्ज भन्सारको राजश्व ६ अर्ब बढी

नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/२०



पश्चिम नेपालकै सबैभन्दा ठुलो परिमाणमा आयात निर्यात हुने नाका मानिने नेपालगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पहिलो चौमासिकमा ६ अर्ब ७ करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ । नेपालगन्ज भन्सार कार्यालयले यो वर्षको पहिलो चौमासिकमा ६ अर्ब ७ करोड ५६ लाख ३ हजार रुपियाँ राजस्व असुली गरेको सो कार्यालयका सुचना अधिकारी पूर्ण प्रसाद लम्सालले बताएका छन् । लम्सालले चालु आवको वार्षिक लक्ष्यको २२.३६ प्रतिशत मात्रै पहिलो चौमासिकमा राजस्व सङ्कलन गर्न सकिएको बताए । कार्यालयले पहिलो चौमासिकमा निर्धारित लक्ष्य प्राप्त गर्न नसकेको प्रष्ट पार्नुभयोरुउनको भनाई छ। नेपालगन्ज भन्सारको तथ्याङ्क अनुसार, गत साउनमा लक्ष्यको ७३.६७ प्रतिशत, भदौमा ६६.६२ प्रतिशत, असोजमा ६६.९१ प्रतिशत र कात्तिकमा ७६.४४ प्रतिशत मात्रै राजस्व संकलन भएको छ। नेपालगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१-८२ का लागि गत आवको तुलनामा १ अर्ब घटाएर लक्ष्य निर्धारण गरेको थियो । तर सो लक्ष्य पनि पूरा हुने देखिएको छैन। गत आर्थिक वर्ष २०८०-०८१ का लागि २८ अर्ब ६६ करोड २५ लाख ३५ हजार लक्ष्य निर्धारण गरिएको थियो भने चालु आर्थिक वर्षका लागि २७ अर्ब १८ करोड ३५ लाख ८९ हजार लक्ष्य निर्धारण गरिएको छ । सो कार्यालयले यस अघिका केही आर्थिक वर्षहरुमा पनि निर्धारण गरिएको लक्ष्य हासिल गर्न नसकेको तथ्याङ्कले देखाएको छ । आर्थिक वर्ष २०७९-८० मा २९ अर्ब ३२ करोड बढी लक्ष्य निर्धारण गरिएको नेपालगन्ज भन्सार कार्यालयले लक्ष्यको ६२.०५ प्रतिशत अर्थात १८ अर्ब १९ करोड मात्रै राजस्व सङ्कलन गर्न सफल भएको थियो । यसैगरी आर्थिक वर्ष २०७८-०७९ मा २५ अर्ब २१ करोड बढी लक्ष्य निर्धारण भएकोमा ८८.५३ प्रतिशत अर्थात् २२ अर्ब ३१ करोड राजस्व सङ्कलन भएको थियो। विगत १२ वर्षको तथ्याङ्क हेर्ने हो भने नेपालगन्ज भन्सार कार्यालयले चार आर्थिक वर्षमा लक्ष्य हासिल गर्न नसकेको देखिन्छ। आर्थिक वर्ष २०७७-०७८ मा १७ अर्ब बढी लक्ष्य राखिएकोमा २१ अर्ब बढी राजस्व असुली भएपछि त्यसपछिको आर्थिक वर्षहरुमा लक्ष्य ह्वात्तै वृद्धि गरिएको थियो । आर्थिक वर्ष २०७८-०७९ मा ७ अर्बभन्दा बढी बढाएर लक्ष्य २५ अर्ब बढी पुऱ्याएपछि भन्सारले लक्ष्य हासिल गर्न सकेको थिएन । सो वर्षमा लक्ष्य हासिल गर्न नसके पनि त्यसपछिको आव २०७९-०८० मा ४ अर्ब बढी थपेर लक्ष्य २९ अर्ब पुऱ्याइएको थियो । लक्ष्य निर्धारण गर्दा सही विश्लेषण गरेर निर्धारण नगरिएको हुँदा विगतका केही वर्षदेखि लक्ष्यभन्दा निकै कम राजस्व सङ्कलन भइरहेको नेपालगन्ज भन्सारका कर्मचारीहरु बताउँछन् ।

## नदीजन्य पदार्थको उखननलाई सहज बनाउन माग

नमस्ते समचारदाता
दाङ, मंसिर/२०



दाङमा स्थानीय तहका जनप्रतिनिधिले नदीजन्य पदार्थको चोरीनिकासी रोक्न उत्खनन गर्ने कार्यलाई सहज बनाउनुपर्ने माग गरेका छन । जिल्ला समन्वय समिति दाङको आयोजनामा राजपुर गाउँपलिका-६ को खङ्गानाकामा भएको अन्तर स्थानीय तह समन्वयात्मक घुम्ती बैठकमा सहभागी जनप्रतिनिधिले नदीजन्य पदार्थको उत्खननलाई सहज बनाउन माग गरेका हुन । बैठकमा सहभागी स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरुले नदीजन्य पदार्थको उत्खनन र यसको व्यवस्थापनमा बारम्बार समस्या देखा परिरहेको हुँदा दिगो समाधानका उपाय खोज्नुपर्ने र त्यसको समन्वय जिल्ला समन्वय समितिले अग्रसर भएर गर्नु पर्ने विषयमा राय व्यक्त गरेका छन्। शान्तिनगर गाउँपालिका अध्यक्ष प्रमोद बस्नेतले नदीजन्य पदार्थको चोरीनिकासी बढ्दै गएकाले स्थानीय तहलाई प्रहरीको सहयोग आवश्यक रहेको बताए। गाउँपलिका अध्यक्ष बस्नेतले पालिकाले जति प्रयास गर्दा पनि चोरीनिकासी रोक्न नसकेको उल्लेख गर्दै भने, 'नदीजन्य पदार्थको चोरीनिकासी रोक्न उत्खननलाई सहज बनाउन आवश्यक छ । नत्र स्थानीय तहले कागजी प्रक्रिया मिलाउन ठिक्क हुने र नदी वा खोलामा तस्करले चोरी गरिरहने अवस्था हुन्छ । सहजै स्थानीय तहले नदीजन्य वस्तुको उत्खनन गर्ने र विकास निर्माणसँगै घर निर्माणमा प्रयोगका लागि दिन सक्ने अवस्था भइदिए नदीजन्य पदार्थमा भइरहेको चोरीनिकासीलाई कम गर्न सकिन्छ ।' बैठकमा तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख टीकाराम खड्काले स्थानीय तहको सबैभन्दा जल्दोबल्दो समस्या नदीजन्य पदार्थको उत्खनन, चोरी नियन्त्रण र व्यवस्थापन रहेको बताए । कतिपय कानूनी जटिलताका कारण स्थानीय सरकारले विगतमा गरेको निर्णय इमानदारीपूर्वक कार्यान्वयन गर्न खोज्दा पनि समस्या भइरहेको बताउदै खड्का भन्छन्, 'कानुनी जटिलताका कारण उत्खननमा केही समस्या भइरहेको छ । यसलाई सहज बनाउन आवश्यक छ।' त्यस्तै बबई गाउँपालिकाका अध्यक्ष कुलबहादुर खत्रीले समयमा नदीजन्य पदार्थ उत्खननको अनुमति नपाउँदा चोरीनिकासी बढेको भन्दै नदीजन्य पदार्थ निकासीलाई सहज बनाउनुपर्ने राय व्यक्त गरे ।

बाँकी ३ पेजमा...

## आदीवासी जनजाति महासंघले कोहलपुरमा महोत्सव लगाउँदै

नमस्ते समचारदाता
कोहलपुर, मंसिर/२०




नेपाल आदवासी जनजाति महासंघ नगर समन्वय परिषद्को आयोजनामा पुष ९ गतेदेखि १७ गतेसम्म कोहलपुरको खुला मैदानमा महोत्सव सञ्चालन गर्न लागेको छ। बुधबार पत्रकार सम्मेलन गर्दै पुष ९ गतेदेखि १७ गतेसम्म महोत्सव सञ्चालन हुने जानकारी गराएको हो । नेपाल आदीवासी जनजाति महासंघ कोहलपुर नगरका अध्यक्ष कृष्ण बहादुर पुनले पहिलो पटक महोत्सव सञ्चालन गर्न लागेको हुँदा भव्य सभ्य रुपमा सञ्चालन गर्न सबैको सहयोग आवश्यक रहेको बताएका छन् । पुनले महोत्सवमा आदीवासी जनजातिहरुको संयुक्त संग्राहलय निर्माण, बौद्ध गुम्बालाई थप व्यवस्थापन गर्ने, राष्ट्रिय तथा अन्तराष्ट्रिय कलाकारहरुको मनोञ्जन, जातीय भाषा कक्षा सञ्चालन र बृद्धाबृद्धा बालबालिकाहरुलाई सहयोग गर्ने लगायत विविध उद्देश्यहरु रहेको जानकारी गराएका छन् । महोत्सव स्थलमा अत्याधुनिक सिसि क्यामरा जडान गर्ने, २५० वटा व्यापारिक स्टलको व्यवस्था गर्ने, झाकी ज्याली, खानपिन परिकार, भेषभूषा संस्कृति प्रर्दशनीका लागि फरक फरक ४ वटा स्टलहरु रहने व्यवस्था गरिने र हात्ती र उँटको प्रदर्शनी गराउने रहेको अध्यक्ष पुनले जानकारी गराएका थिए । स्कुल कलेज स्तरीय सामुदायिक र संस्थागत विद्यालयहरुको नृत्य प्रतियोगिता हुनेछ । प्रतियोगितामा प्रथम हुनेलाई ३० हजार, द्धितीय हुनेलाई २० हजार र तृतीय हुनेलाई १५ हजार रासीको पुरस्कार रहेको अध्यक्ष पुनले जानकारी दिए। उनले ५ करोडको आर्थिक कारोबार हुने अनुमानित लक्ष्य रहेको बताउँदै ४५ दिनभित्र आयव्यय पत्रकार सम्मेलन मार्फत सार्वजनिक गर्ने व्यक्त गरे । यस्तै ६४ जना स्थानीय तथा राष्ट्रिय कलाकारहरुले प्रस्तुती रहने छ भने जसमा अन्तराष्ट्रिय रसियन कलाकार हरुको समेत प्रस्तुती रहने कलाकार व्यवस्थापन समिति संयोजक प्रेम बहादुर गुरुङ्गले जानकारी दिए । यस्तै उद्घाटन कार्यक्रममा आउने झाँकी ज्यालीमा प्रथम हुनेलाई रु १५ हजार, द्धितीय हुनेलाई रु १० हजार र तृतीय हुनेलाई रु ५ हजार उपलब्ध गराउन समेत जानकारी गराए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## प्रधानमन्त्रीको चीन भ्रमण र दुई देश बिचको सम्बन्ध

नेपालका प्रधानमन्त्रीले चारदिवसीय चीन भ्रमण सकेर बिहीबार नेपाल फर्किएका छन् । प्रधानमन्त्रीको यो भ्रमणकै सम्बन्धमा पनि नकारात्मक तथा सकारात्मक कोणबाट राष्ट्रिय बहसहरु भए र भैरहेका छन् । मुख्य गरी यतिबेलाको चर्चाको विषय बनेको हो बिआरआई । नेपाल समेत सदस्य राष्ट्रिय रहेर बनेको चीनीयाँ सोचको बिआरआईमा नेपालले यस अघि नै एमओयु गरिसकेको भए पनि बिआरआईबाट अनुदान मात्रै दिने कि ऋण पनि दिने भन्ने विषयमा सत्तारुट दल नेपाली काँग्रेस र नेकपा एमालेकै बिचमा मत मिल्न नसकेर कचिङ्गल भएको सबैलाई थाहा छ । चीन नेपालभन्दा ६५ गुणा ठुलो छ । चीनको जनसंख्या नेपालको भन्दा करिब ४६.६ गुणा धेरै छ । चीनको वार्षिक बजेट नेपालको बजेटभन्दा लगभग २००० गुणा ठुलो छ । त्यस्तै चीनको प्रतिव्यक्ति आय नेपालको भन्दा लगभग १० गुणा बढी छ । औपचारिक रूपमा नेपालका लिच्छवि राजा अंशुवर्माका पालामा चीनसँग औपचारिक सम्बन्ध स्थापित भएको थियो । लिच्छविकालीन प्रसिद्ध राजा अंशुवर्माकी छोरी राजकुमारी भृकुटी र तिब्बतका ३३औँ सम्राट श्रङचङ गम्पोको वैवाहिक सम्बन्ध भएको थियो । उक्त सम्बन्ध आजपर्यन्त उत्तिकै सशक्त र जीवन्त छ । त्यतिबेला विशेष गरी चीनमा बौद्ध धर्मको प्रसार भएको थियो, जो चीनमा महायान परम्परासँग जोडिएको छ र यी दुई देशबिचको सांस्कृतिक सम्बन्धको आधार बनेको थियो । प्रसिद्ध बौद्ध भिक्षु फा-हिएन र ह्वेन-त्साङ जस्ता विद्वानले नेपाल भ्रमण गरेर सांस्कृतिक र धार्मिक अध्ययन गरेका थिए । गम्पोको शासनकालमा बौद्ध धर्म तिब्बतमा प्रवेश गरेको मानिन्छ । उनी स्वयं बौद्ध धर्मका अनुयायी थिए र उनले बौद्ध धर्मलाई तिब्बतमा स्थापित गरे । यो कार्यले तिब्बतलाई बौद्ध धर्मको महत्त्वपूर्ण केन्द्रका रूपमा विकास गर्न मद्दत पुऱ्यायो । गम्पोको शासनकालमै तिब्बती (सम्भोट) लिपिको विकास भएको मानिन्छ, जसले तिब्बती साहित्य, धर्म र प्रशासनलाई व्यवस्थित गर्ने महत्वपूर्ण काम गऱ्यो ।


जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# जनमत ठुला दलकै पक्षमा

राजकुमार एलन



देशमा आशा र भरोसा असन्तुष्टिको ससाना झुन्डहरूबाट सत्तामा पुगेका र अराजकता र छाडापनको अभ्यास गर्नेहरूबाट होइन, जनतामा दशकौंदेखि अभ्यास गरेको र स्थापित दलबाटै सम्भव छ भन्ने सन्देश यस पटकको उपनिर्वाचनले दिएको छ ।



रामकुमार एलन

स्थानीय तह उपनिर्वाचनको मत परिणाम सार्वजनिक भएपछि यसले धेरै दलको भविष्यमाथि प्रश्न गरेको छ । केही दिनअघि मात्रै २०८४ अघि नै हामी जनताको विकल्प हुन सक्छौं र सत्तामा पुग्न सक्छौं भनेर राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले कतै बोल्नुभएको थियो । निर्वाचनबिना यो देशमा सत्ता कसरी कब्जा हुन सक्छ ? सामाजिक सञ्जालमा रोइलो गरेर र सडकमा केही भिड देखाएर राज्यसत्ता कमजोर पार्न सकिन्न भन्ने पहिला पूर्वराजा ज्ञानेन्द्र शाहले र अहिले 'नयाँ र जान्ने' भनिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बुझेकै विषय हो । अब रवि लामिछानेलाई न्याय होइन, हिरासतमुक्त भए पनि गरिदिनु भनेर स्वयम् लामिछानेले भनिरहनु हुँदा रास्वपाका सडकमा देखिएका नेता कार्यकर्ताले बुझेका छन् कि, अदालतले प्रमाणका आधारमा काम गरिरहेको छ, राजनीतिक प्रतिशोध रास्वपामाथि मात्रै प्रहार हुने प्रसङ्ग होइन । यो सत्तामा भएका बेला सबैले सबैलाई प्रहार गर्ने सहज र शक्तिसम्पन्न अस्त्र हो । स्वयम् प्रधानमन्त्री केपी शर्मा ओलीले नै रवि लामिछानेका यति धेरै सहकारीको बदमासीमा संलग्नता कल्पनामा पनि थिएन, प्रहरी र अदालतले काम गरिरहेको छ भन्नुभएपछि रास्वपाको सडकमा देखिएको शक्ति मिहिन हुँदै गएको छ । बरु लामिछाने कास्कीबाट भैरहवा, काठमाडौँ, चितवन हुँदै यो हप्ता पर्सा जिल्ला अदालतमा पनि पक्राउ अनुमतिका पात्र बन्नुभएको छ । उहाँको हिरासत यात्रा लम्बिने देखिन्छ । यो चुनावले साना र विकल्पका रूपमा उदाएका सबै शक्तिलाई निमिट्यान्न हुने डिलमा लगेर राखिदिएको छ । सुदूरपश्चिमको शान नागरिक उन्मुक्ति पार्टीको उपनर्विाचनमा कतै चाइँचुइँ सुनिएन-देखिएन । पुरातनवादी शक्ति राष्ट्रिय प्रजातन्त्र पार्टीको कतै बलियो जनमत देखिएन । हेटौँडा उपमहानगर पालिका वडा नम्बर १२ मा त कमल थापा नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले समेत राजेन्द्र लिङ्देन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टीलाई साथ दिएको थियो । साढे दुई वर्षअघि नेकपा एमालेको सूर्य चिह्नबाट उम्मेदवार बन्नुभएका कमल थापाले यति चाँडै फेरि राप्रपालाई नै आफ्नो गृहनगरमा समर्थन दिनु भएपछि नेकपा एमालेका नेता कार्यकर्ताले पनि बुझ्न सकेनन् । स्वयम् नेकपा एमाले यस पटक पनि वडा नम्बर १२ मा तेस्रोमा सीमित भयो । बागमती प्रदेश सरकारमा सभामुखमा कायम राप्रपाले सङ्घीयता र प्रदेश सरकार खारेजको माग गर्दै प्रदेशमा मत मागेको थियो । उनीहरू प्रदेश सरकारका सभामुखमा पुगे । मुख्यमन्त्री र मन्त्रीहरू हेरफेर भइरहने राजनीतिक सत्ता समीकरणमा सभामुखहरू 'स्थायी' छन् । कुनै पनि दिन केन्द्र र प्रदेश सरकारमा राप्रपाले सङ्घीयता खारेजको लिखित दस्ताबेज दर्ता नगराएपछि जनताले पुरातनवादी शक्ति पनि सत्ताको चास्नीमा पुग्न मात्रै मुद्दा बनाइरहेको भन्ने बुझे सायद । यस पटक स्थानीय उपनिर्वाचनमा राप्रपाको कतै वर्चस्व देखिएन । कांग्रेसबाट विद्रोह गरेका वडाध्यक्षले कांग्रेसलाई तेस्रो शक्तिमा झार्दै वडा जितिरहँदा राजेन्द्र लिङ्देन, रवीन्द्र मिश्र र ज्ञानेन्द्र शाहीहरूको हुटहुटी सामाजिक सञ्जाल र कार्यकर्तामाझ मात्रै लोकप्रिय देखियो । जनमत अब पुरातनवादी शक्तिसँग आसावादी नभएको स्पष्ट देखिएको छ । पार्टी विभाजनको चोट सहेको, केन्द्र र प्रदेश सत्ताबाट एकसाथ बाहिर परेको जनता समाजवादी पार्टी नेपालका पक्षमा यस पटक मधेशमा जनमत देखियो । अदालतमा पार्टी विभाजनको मुद्दा छँदै छ, मधेशबाटै दुई मन्त्री बनाइएको जनता समाजवादी पार्टीको मधेशमा जादु चलेको देखिएन । बरु जनता समाजवादी पार्टी नेपाल नै जनाधार भएको मधेशवादी शक्तिका रूपमा उपनिर्वाचनमा पनि उदाएको छ । यो उपनिर्वाचनले भन्छ, मधेशमा जसपा नेपालको विकल्पका रूपमा उदाएको जनमत पार्टी पनि थोरै मतमा समेटियो । कैयौँ वडामा त उसले एक सय मत पनि कटाउन सकेन । सत्ताका लागि नै साना दल पनि मरिमेट्ने, जसलाई आलोचना गरेर जनधार बनायो, पछि त्यही पार्टीको सत्ताका सारथि र बहुमतको हतियार बनेर भागबन्डामा रमाउने काममा साना दल लागे भन्ने सन्देश जनतामा बलियोसँग प्रवाह भएको देखिएको छ । यसको उदाहरण नै हो कि, जसपा त उपनिर्वाचनमा उभिन पनि सकेन, जनमत जनतामा टिक्न सकेन । उसले मधेशमा चलाइरहेको 'स्वराज' को जादु उपनिर्वाचन र वडा तहसम्ममा स्थापित हुन सकेन । जब वडा तहबाट नै पार्टीहरू उठ्न सक्दैनन्, यसपछि सबै दलको हालत यस्तै देखिन्छ । जस्तो यस पटक मधेशमा जनमतको देखियो । न उसले सत्ताधारी दलका उम्मेदवारलाई जिताउन लागेको देखियो, न आफ्नो जनाधार बलियो बनाएको उदाहरण नै दिन सक्यो । देशमै धेरै जनसंख्या भएको मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको जनमत पार्टी मधेशमै वडामा पनि कमजोर साबित भएको छ । उसले आफूलाई अब कसरी उभ्याउन सक्छ ? प्रश्न उब्जिएको छ । जनता पुरानै नेपाली कांग्रेस, नेकपा एमाले र जनता समाजवादी पार्टी नेपालकै पक्षमा देखिए । बरु नेकपा एकीकृत समाजवादीले मधेश र देशमै एउटा वडा जितिरहँदा डा. सिके राउतको राष्ट्रिय पार्टी कमजोर देखिएको छ, त्यो पनि मधेशमै । नेकपा एमालेबाट विभाजन भएको नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादी पनि यस पटक निर्वाचनमा कमजोर नै देखिएको छ । उसले कुनै पनि वडा गुमाएको छैन । बरु एउटा वडा थपेको छ । पार्टीको जनाधार कमजोर बन्दै गइरहेको देखिएको छ । निर्वाचनको मुखमा नेकपा माओवादीलाई साथ दिने निष्कर्षमा पुगेको नेकपा एकीकृत समाजवादीले आफ्ना कार्यकर्ताको चाहना नबुझेको भनेर पनि उपनर्विाचनमा सक्रिय हुन सकेन । केन्द्रबाट जारी भएका सर्कुलरहरूले कम्युनिस्ट मनहरूलाई एकताबद्ध गराउनु पर्ने हो । वडाका निर्वाचनमा सोचेजस्तोसँग जनमत समाजवादीको निर्णयमा खुसी हुन सकेन । यो असन्तुष्टि काठमाडौँको कीतिपुर र हेटौँडा-१२ मा पनि देखियो । हेटौँडा-१२ मा ३१ मतले अघिल्लो पटक वडाध्यक्ष जितेको माओवादी यस पटक पाँच सय भन्दा बढी मतान्तरले पहिलोबाट दोस्रोतिर झऱ्यो । त्यहाँ नेकपा एकीकृत समाजवादीले सुरुमा उम्मेदवार उठाएको थियो । पछि माओवादीलाई समर्थन गर्ने भन्यो । यति हुँदाहुँदै पनि अन्ततिर विजित र बोनस पाइरहेको माओवादी आफ्नो आधार इलाकामा कमजोर साबित भयो । समाजवादीको मत माओवादीले पायो कि पाएन, वडाको विषय वडामै छलफल गर्ने हो । सामाजिक सञ्जाल र वडाका प्रचारमा देखिएको ठुलो उत्साह र भिड हेर्दा माओवादी कमजोर थिएन र समाजवादीभित्रको असन्तुष्टिले यस पटक माओवादीलाई पनि बलियो कायम गर्न नसकेका कैयौँ उदाहरण देखिएका छन् । समाजवादीको केन्द्रीय निर्णयमा जिल्ला र वडा तहमा असन्तुष्टि चुलिने क्रम असारमा सम्पन्न महाधिवेशनबाट भएको हो । यो क्रम निरन्तर छ । एमाले जस्तो ठुलो दल विभाजनबाट बनेको पार्टीका प्रतिबद्ध कार्यकर्ता समेट्ने र पार्टी बनेको तीन वर्षमा सङ्गठन वडा तहसम्म पुऱ्याउने मामलामा नेकपा एकीकृत समाजवादी पनि चुकेको देखिएको छ । केन्द्रका नेताहरू माओवादीतिर र वडाका जनता एमालेतिर नै लहसिएको स्पष्ट देखिन्छ । मुलुकको कुनै पनि आन्दोलनमा सहभागी नभएको, व्यवस्था परिवर्तनको लाभ उठाउँदै थप परिवर्तनका लागि नयाँ र जान्नेहरूको समूहलाई छान्नुहोस् भनेर पार्टी दर्ता गरेको छ महिना नपुग्दै निर्वाचनमा होमिएर मुलुकको चौथो शक्ति बनेको रास्वपा पनि यो मुलुकको दुई लाख २६ हजार ७६६ मतदाता सहभागी उपनिर्वाचनमा एउटा वडामा सीमित भएको छ । काठमाडौँ-१६ मा उसले उठाएको महिला उम्मेदवार रोजिना श्रेष्ठ निर्वाचित हुनुभएको छ । नेपाली कांग्रेसबाट वडाध्यक्ष निर्वाचित मुकुन्द रिजालको निधनपछि त्यहाँ रास्वपाले बाजी मारेको हो । दुई लाख २६ हजार सात सय ६६ मतदातामा एक हजार भन्दा केही बढी मत पाएको रास्वपाको अबको रणनीति कस्तो होला ? तेस्रो शक्ति नेकपा माओवादीले पालिका प्रमुख, उपप्रमुखदेखि वडाध्यक्षमा मारेको बाजीमा चौथो शक्ति भने यसरी कमजोर हुनुमा पार्टीको भूमिका कस्तो रह्यो ? सामाजिक सञ्जालबाट उदाएर सडकसम्म पुगेको रास्वपा सत्तामा पुगे पनि ढङ्गले प्रस्तुत हुन नसकेको देखिन्छ । यस्तै भनिन्थ्यो २०६४ मा बहुमतमा पुगेको नेकपा माओवादीलाई पनि । नभन्दै ऊ लगातार पछिल्ला निर्वाचनमा पराजयको सिकार हुँदै २०७९ मा ३२ सिटमा समेटिन पुगेको छ । १७ हजार नागरिकको सहादत र १२ वर्ष युद्धरत पार्टीलाई सत्ताको विषय टाढा बनिरहँदा उदाएको नयाँ, पढेको, शिक्षित र देशमै केही गरौँ भन्ने शक्ति सामाजिक सञ्जाल र समाजमा स्वतन्त्रताका नाममा अराजकता र मर्यादाहीन छाडापनको व्यापार गरिरहेको देखिएकै छ । गाउँ फर्किएका युवाले कृषिबाट पनि मुलुकलाई समृद्धितर्फ डोऱ्याएका छन् । सम्भावना खोजेका छन् । विदेशबाट आएका युवाले पनि गाउँमै उद्यम गरेका छन् । आर्थिक समृद्धिबिना हामी जति नै सडकमा उफ्रिएर अराजकताको साथ लिँदै सत्तामा पुगे पनि नागरिकमा बढेको निरासाको धर्सो मेट्न असफल भयौँ भने जनताको मन भाँचिन्छ । यसैले जनतामा आशा जगाउने काम दलहरूकै हो । दलहरूले सत्तामा पुगेपछि जनताका मुद्दा बिर्सने र सत्ताबाट बाहिरिएपछि सडकमा अराजकता देखाउने भद्दा अभ्यासले अब मुलुक अघि बढ्न सक्दैन । कार्यकर्तालाई चुपचाप उत्पादनमा सरिक गराए पार्टी सानो-ठुलो जस्तो भए पनि जनतामा लोकप्रिय भइन्छ भन्ने उदाहरण पछिल्लो समय नेत्रविक्रम चन्द विप्लवको पार्टी नेकपा बनेको देखिन्छ । केही गर्न नसके पनि खेतमा धान उब्जाउन सकिन्छ भन्ने उदाहरण उहाँको पार्टीले कपिलवस्तुमा प्रस्तुत गरेको छ । सडकमा अराजकता बढाउने र सामाजिक सञ्जालमा नकरात्मकता मात्रै बेच्नेहरू पनि सत्तामा पुगे तर उनीहरू सत्तामा रहँदा कस्ता देखिए र उनीहरूमाथि प्रश्न गर्दा कसरी फेरि अराजकताको कारोबारमा उत्रिए ? यही देखेर हुन सक्छ यस पटक वडादेखि नै जनताले फेरि नयाँ र वैकल्पिक भनिएकालाई सबैतिर बिदाइको हात हल्लाइदिए र ठुलै दलबाट स्थिरता पाइन्छ कि भनेर स्थानीय तह उपनिर्वाचनमा पनि अराजकता कम होस् भन्दै ठुला दललाई नै रोजे । देशमा आशा, भरोसा असन्तुष्टिको ससाना झुन्डहरूबाट सत्तामा पुगेका र अराजकता र छाडापनको अभ्यास गर्नेहरूबाट होइन, जनतामा दशकौँदेखि अभ्यास गरेको र स्थापित दलबाटै सम्भव छ भन्ने यस पटकको उपनिर्वाचनको सन्देश वडा टोलसम्म प्रवाह भएको देखिन्छ ।

*-गोरखापत्र*

# सहुलियतको नुनमा अनियमितता : स्थानीयलाई छैन, बोराका बोरा पुग्छ सुर्खेत

नमस्ते समचारदाता

सुर्खेत, मंसिर/२०



कर्णाली प्रदेशका गरिब तथा विपन्न घरपरिवारका लागि सहुलियतमा ढुवानी हुँदै आएको नुन सुगमको ठाउँ सुर्खेतमा खपत हुने गरेको छ। सरकारले दुर्गमका बासिन्दाका लागि साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत अनुदानमा ढुवानी गर्दै आएको नुनका प्याकेट पहुँचवालाले सुर्खेतमा लिन थालेका छन् । कालीकोटका स्थानीय बासिन्दाले नुन लिन आउँदा नागरिकता देखाउनुपर्ने बाध्यता रहेको छ तर पहुँचवालाले बोराका बोरा गोदामबाट ल्याएर सुर्खेततर्फ पठाउने गरेको पाइएको छ। कालीकोट जिल्लाको रास्कोट नगर पालिकाबाट आयोडिनयुक्त नुन सुर्खेततर्फ निर्यात भएको घटना सार्वजनिक भएसँगै यो कुराप्रति सबैले चासो दिन थालेका छन् । बडीमालिका माध्यमिक विद्यालयमा खेल शिक्षक जीवनबहादुर शाहीले सरकारले दुर्गम क्षेत्रका बासिन्दाका लागि दिँदै आएको नुन कालीकोटबाट सुर्खेतमा ढुवानी भएको आफूले प्रत्यक्ष देखेको बताउनुभयो । उहाँले कालीकोटबाट सहुलियतको नुन बोकेर सुर्खेत जाँदै गरेको बोलेरो जिपमा बोराका बोरा नुन राखेर लैजाँदै गरेको देखेपछि सोधीखोजी गर्दा स्थानीय जनप्रतिनिधिको सुर्खेतस्थित घरमा प्रयोग गर्न लिन लागेको खुलेको बताउनुभयो । शाहीले गुनासो पोख्दै भन्नुभयो, “हामीले एक प्याकेट नुन माग्दा नागरिकता खोजिन्छ, तर नगरपालिकाका पदाधिकारीले बोराका हिसाबले नुन खरिद गरेर सुर्खेत पठाउने सुविधा पनि यहाँ रहेको भन्ने थाहा भयो। पहुँच भएपछि जे गर्न पनि छुट रहेछ।” सरकारले दिँदै आएको नुन कालीकोटमा प्रतिप्याकेट नौ रुपियाँ पर्छ। सुर्खेतमा किन्नु परेमा एक प्याकेटको ३० रुपियाँ पर्छ। रास्कोटका महेश न्यौपानेले सामाजिक सञ्जालमा नुन सुर्खेत ढुवानी भइरहेको सूचना आफूले पनि पाएको भन्दै प्रतिप्याकेटबाट २० रुपियाँ फाइदा हुने भएकाले पहुँचवालाले नै यसरी नुन पठाएको हुनुपर्ने बताउनुभयो। नगरप्रमुख धर्मराज शाही, निमित्त प्रमुख प्रशासकीय अधिकृत जवानसिंह बमलगायतका जनप्रतिनिधि र कर्मचारीको बसोबास सुर्खेत भएकाले रास्कोटका बासिन्दालाई आएको नुन सुर्खेत जाने गरेको भन्दै स्थानीय बासिन्दाले विरोध गरेका छन्। रास्कोट नगरपालिका-५ का मेघराज शाहीले स्थानीय बासिन्दाले एक प्याकेट नुनका लागि दिनभरि डिपो कुर्नुपर्ने तर पहुँच भएकाले बोराका बोरा नुन सप्लाई गर्न सक्ने अवस्थाको अन्त्य हुनुपर्ने बताउनुभयो। रास्कोटमा नुन विरतण गर्दै आएको मान्म डिपोका प्रमुख डम्बर बुढाले कालीकोटबाट सहुलियतको नुन सुर्खेत पुग्ने कुरा सरकारी तहबाटै समस्या भएको बताउनुभयो । उहाँले भन्नुभयो, “नुन वितरण मैले गरेको हो । एक घरका पाँच जनाका नामसहित नागरिकता लिएर आउने अनि बोरा उठाउने गरिएको छ। यसरी उठाइएका नुनका बोरा सुर्खेत, नेपालगन्जसम्म पठाउने गरेको आफूले जानकारी पाएको पनि सुन्नमा आएको छ।” कालीकोटको नुन ढुवानी गरेर सुर्खेत लान मिल्दैन नि भनेर नगरप्रमुख धर्मराज शाहीसँग कुरा गर्दा नगरप्रमुख शाहीले कालीकोटका बासिन्दाको बसोबास सुर्खेत पनि भएको जवाफ दिएको कार्यालय प्रमुख बुढाको गुनासो छ। कालीकोटको नुन गाडीमा राखेर सुर्खेत लाँदै गरेको पाएपछि फोन गरेर नगरप्रमुख शाहीलाई जानकारी गराउँदा तपाईंको काम रास्कोटमा नुन पुर्याउने हो र त्यहाँबाट कता जान्छ भनेर खोजीनिती गर्न तपाईंलाई आवश्यक नभएको जवाफ आफूलाई नगरप्रमुख शाहीले दिनुभएको पनि बुढाले बताउनुभयो । वडा सचिव मेघराज चौलागाईंले भन्नुभयो, “वडामा नुन अभाव हुँदा स्थानीयले दुःखेसो पोखेका छन् तर यहाँका बासिन्दाले पाउनुपर्ने नुनका बोरा सुर्खेततिर पठाउनु गलत हो।”

# जाजरकोटमा जिप दुर्घटना : मृत्यु हुने दुईजनाको पहिचान खुल्यो

नमस्ते समचारदाता

जाजरकोट, मंसिर/२०




जाजरकोटमा बोलेरो जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। र्सिह एण्ड ब्रदर्स निर्माण सेवा प्रालीको प्रदेश ३-०१-०२३च ४७१९ नम्बरको बोलेरो जिप मध्यपहाडी लोकमार्गअन्तर्गत भेरी नगरपालिका १० नुवागाउँ नजिकको मोडमा दुर्घटना भएको हो । मध्य पहाडी लोकमार्गमा काकीगाँउबाट कुदुतर्फ आउँदै गरेको जिप सडकबाट करिब सात सय मिटर तल खसेको थियो । मृत्यु हुनेमा गाडि चालक कैलाली घर भई भएका २५ वर्षीय मनोज केसी र जुम्ला घर भई हाल भेरी नगरपालिका ७ स्याउली बजार बस्ने २२ वर्षीय मिथुन हमाल रहेको प्रहरीले जनाएको छ । यसैगरी, दाङको घोराही उपमहानगरपालिका ८ घर भएका २३ वर्षीय कमल चौधरी दुर्घटनामा परी घाइते हुनुभएको छ । जाजरकोटका प्रहरी प्रमुख डिएसपी पुरुषोत्तमप्रसाद पाण्डेले घटनाको जानकारी आउने वित्तिकै प्रहरी घटनास्थलबाट घाइते र मृतकलाई जिल्ला अस्पताल जाजरकोटमा ल्याइएको बताउनुभयो । घाइते चौधरीलाई थप उपचारका लागि नेपालगन्ज रिफर गरिएको डिएसपी पाण्डेले जानकारी दिनुभयो ।

## नदीजन्य...

नदीजन्य पदार्थ चोरीनिकासी रोक्न प्रयास गर्दा असफल भइरहेको भन्दै अध्यक्ष खत्रीले मिलेमतोमा हुने नदीजन्य पदार्थको उत्खननलाई रोक्न कानूनी व्यवस्थामा सहज बनाउनुपर्नेमा उनको जोड थियो । जनप्रतिनिधिले नेपाल-भारत सीमामा रहेका जनताको सहजताका लागि सडक, खानेपानी, विद्युत्, सञ्चार, शिक्षा लगायतका विकासमा ध्यान दिनुपर्ने बताएका थिए । नाका क्षेत्रमा स्थानीय तहबाट मात्र विकास निर्माणको काम सम्भव नभएको भन्दै नाका क्षेत्रमा भएका अत्यावश्यक विकास निर्माणका लागि प्रदेश वा सङ्घ सरकारको सहयोगमा विकास निर्माणलाई अघि बढाउँदै जनतालाई सेवासुविधा पुऱ्याउनका लागि पहल गर्नुपर्नेमा जोड दिएका थिए । बैठकमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण समिति सदस्य कमला वलीले नदीजन्य पदार्थको उत्खननमा देखिएको समस्या समाधानका लागि रहेक व्यक्तिमा इमानदारी आवश्यक रहेको बताइन । उनले राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिले स्थानीय तहले नीति नियमको सही रूपमा पालना गरेमा कोही कसैलाई पनि रोकावट नगरेको बताइन । उनले वातावरणीय प्रभाव मूल्याङ्कनको काम असोजमै सकेर राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिमा सिफारिस गरेमा आवश्यक अनुगमनपछि प्रक्रिया अघि बढाउन अनुमति दिइने जानकारी गराइन । जिल्ला समन्वय समिति दाङका प्रमुख नित्यानन्द शर्माको अध्यक्षतामा भएको घुम्ती बैठकमा जिल्लाका १० वटै स्थानीय तहका जनप्रतिनिधिको सहभागिता रहेको थियो ।

# प्रणालीको संरक्षण गर्न बरघरहरु एक ठाउँमा


नमस्ते समचारदाता

बाँके, मंसिर/२०



बाँकेको बैजनाथ गाउँपालिकामा रहेका बरघरहरु बरघर प्रणालीको संरक्षण, प्रवर्धन र विकासका लागि छलफलमा जुटेका छन् । गाउँपालिकाले बरघर प्रणालीको संरक्षण, प्रवर्धन र विकास गर्न निर्माण गरेको विधेयक २०८१ को पूर्ण रूपमा कार्यान्वयन गराउन बैजनाथका ३६ बरघरहरु एकै ठाउँमा आएका हुन् । सो अवसरमा बैजनाथ गाउँपालिकाका उपाध्यक्ष निर्मला रोकायले बैजनाथमा थारु परम्परागत कला सांस्कृतिक संरक्षण गर्ने र थारु सङ्ग्रहालय निर्माण गर्न प्रतिबद्धता व्यक्त गर्नुभयो । थारुहरूको पहिचान हुनेगरी आफ्ना गतिविधि गर्नका लागि आफै लाग्नुपर्ने बताउँदै उहाँले आगामी कार्यक्रममा विभिन्न आत्मनिर्भरका तालिमहरु समेत सञ्चालन गर्नेगरी योजनाहरूको प्रस्ताव पेस गर्न बरघरसँग अनुरोध गर्नुभयो । ‘कला, संस्कृति, रीतिरिवाज, चालचलन, भेसभुसालाई संरक्षण गर्न पालिकाले सबै आर्थिक सहयोग गर्ने भन्ने हुँदैन’ उहाँले भन्नुभयो, ‘आफूले आफ्नो कला, संस्कृति, रीतिरिवाज, चालचलन, भेसभुसालाई संरक्षण गर्न एक ठाउँमा आउनुपर्छ ।’ बैजनाथका बरघरका अध्यक्ष चन्द्रबहादुर थारुले सबै वडामा समिति तयार भइसकेको बताउनुभयो । उहाँका अनुसार बरघर ऐन, नियम कानुन पालिकाले २०८० माघ १८ गते राजपत्रमा प्रकाशन गरिसकेको छ । चौधरीले सो अवसरमा केही महत्त्वपूर्ण निर्णय गर्दै बैजनाथ-१ चिसापानीमा माघी महोत्सव आयोजना गर्ने समेत निर्णय भएको बताउनुभयो । यसैबिच बैजनाथ गाउँपालिकाको ८ वटा वडामा समेत बरघरको नयाँ कार्यसमिति चयन गरिएको छ । जसमा वडा नम्बर १ मा खुसीराम थारु, वडा नम्बर २ मा श्यामुवा थारु, ३ नम्बर वडामा जुगलाल थारु, ४ नम्बर वडामा सोहनलाल थारु, ५ नम्बर वडामा प्रेमलाल थारु, ६ नम्बर वडामा छोटेलाल थारु, ७ नम्बर वडामा महेश थारु र ८ नम्बर वडामा राधेश्याम थारु चयन हुनुभएको छ ।



# हुलाकी राजमार्ग हुँदै २२० केभी प्रसारण लाइन नेपालगन्ज ल्याइने

नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/२०




नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले हुलाकी राजमार्गको छेउ हुँदै २२० केभी प्रसारण लाइन नेपालगन्जमा ल्याएर यहाँको विद्युत समस्या समाधान गर्ने पहल गरिएको बताउनुभएको छ । क्रियटिभ ह्यान्ड्सले नेपाल युवा उद्यमी मञ्ज चेपालगन्ज च्याप्टर सँगको सहकार्यमा बिहीबार नेपालगन्जमा आयोजना गरेको 'नेपालगन्ज कन्क्लेभ'को 'देशले गर्छ विद्युत निर्यात, नेपालगन्जले भोग्छ ऊर्जा सङ्कट' विषयक सत्रमा घिसिङले प्राधिकरण नेपालगन्जको विद्युत समस्याका बारेमा गम्भीर भएको भन्दै दीर्घकालीन समाधानका लागि पहल गरिरहेको बताउनुभयो । "नेपालगन्जको विद्युत समस्या लाई दीर्घकालीन समाधानका लागि प्राविधिकरणले विभिन्न कामहरू गरिरहेको छ, स्थायी रूपमा यहाँको विद्युत समस्या हटाउनका लागि तराइका बोर्डर जिल्लाहरू हुँदै बनिरहेको हुलाकी राजमार्गको छेउ हुँदै २२० केभी ट्रान्समिसन लाइन नेपालगन्ज ल्याउँदछौँ ।" घिसिङले भन्नुभयो, "यसको डिटेल डिजाइन सकिसकेको छ, यो लाइन नेपालगन्ज आएपछि धेरै समस्याको समाधान हुनेछ ।" नेपालगन्ज नजिक विद्युत जेनेरेसन नभएका कारण पनि यहाँ समस्या भइरहेको उहाँको भनाइ छ । "यहाँ जेनेरेसनका हिसाबले पनि समस्या छ, पश्चिम अत्तरियाबाट लाइन ल्याउँदा पनि टाढा छ, पूर्व बुटवलबाट लाइन ल्याउँदा पनि टाढा छ, बिचमा जेनेरेसन छैन," उहाँले भन्नुभयो, "त्यहाँबाट ल्याएको लाइन भोल्टेज ड्रप हुँदै हुँदै यहाँसम्म आउँदा कमी हुँदै जान्छ, यहाँ नजिक जेनेरेसन नहुँदा यो समस्या भएको हो ।" अम्बे सिमेन्टको नजिक सबस्टेशन बन्दै गरेको र त्यहाँबाट भारतको नानपारासम्म ट्रान्समिसन लाइन जोडेर यहाँको भोल्टेज र सप्लाई सिस्टमलाई बलियो बनाउन लागिएको उहाँले बताउनुभयो । "पर्साको अम्बे सिमेन्टको नजिक सबस्टेशन बन्दैछ, त्यहाँबाट भारतको नानपारासम्म ट्रान्समिसन लाइन जोड्दैछौँ," घिसिङले भन्नुभयो, "भारततर्फको काम उत्तर प्रदेश सरकारले सम्पन्न गरिसकेको छ, नेपालतर्फको काम हामीले एक वर्ष भित्रमा पूरा गर्छौं, त्यसपछि भोल्टेज र सप्लाई सिस्टम बलियो हुनेछ र यहाँको समस्या समाधान गर्न सहज हुनेछ ।" बुटवलदेखि ४०० केभी लाइन अत्तरियासम्म विस्तार गर्न लागेको र यो काम सम्पन्न भएपछि यहाँको समस्यालाई समाधान गर्न थप सजिलो हुने उहाँले बताउनुभयो । "बुटवलदेखि ४०० केभी लाइन अत्तरियासम्म बढाउँदै छौँ, पहिलो चरणको काम बुटवल-लमहीसम्मको हुनेछ, केही दिनमा त्यसका लागि टेन्डर हुँदैछ," घिसिङले भन्नुभयो, "लमहीमा सबस्टसेन बनाएपछि यतालाई सहज हुनेछ ।" नेपालगन्जका लागि मात्र फोकस गरेर ३० देखि ४० अर्बका विभिन्न योजनाहरू बनाएको घिसिङले बताउनुभयो । तत्कालीन, मध्यकालीन र दीर्घकालीन रूपमा योजना बनाएर समस्या समाधान गर्ने गरी ठाउँठाउँमा सबस्टेशन बनाएर १३२ केभीको लाइनलाई छिटोभन्दा छिटो बनाएर नेपालगन्जको समस्या समाधान गर्न प्राधिकरण लागेको घिसिङको भनाइ छ । विद्युतका योजना पूरा हुन विभिन्न समस्या भोल्नुपर्ने र लामो समय लाग्ने गरेको भन्दै भन्ने बित्तिकै तुरुन्त यसको दीर्घकालीन रूपमा समस्या समाधान नहुने उहाँले बताउनुभयो । "प्रसारण लाइन विस्तार गर्दा कुनै जग्गाको समस्या आयो भने त्यो सुल्झाउन कम्तीमा ४-५ वर्ष लाग्छ, मुद्दा मामिला, अड्डा अदालत हुन्छ, विस्तार लाइनमा पर्ने कुनै रुख काट्नलाई कम्तीमा ५ वर्ष लाग्छ, त्यतिमात्र नभएर वनको खाली जग्गामा पोल गाडेर तार विस्तार गर्नसमेत ५ वर्ष लाग्छ," घिसिङले भन्नुभयो, "लामो प्रक्रिया त छँदैछ त्यतिमात्र नभएर पब्लिकको साथ पाइँदैन, विद्युत चाहियो भनेर भन्ने तर घर अगाडि पोलसमेत गाड्न दिँदैनन्, सबै पक्षको सपोर्ट भएमात्र छिटो सेवा प्रदान गर्न सकिन्छ ।" दुई दिनसम्म चल्ने यस पटकको कन्क्लेभमा शिक्षा, राजनीति, साहित्य, जलवायु, ऊर्जा, पर्यटन, अर्थ र खेलकुद गरी आठवटा विषयमा विषयगत विज्ञसँग प्यानल छलफल हुने आयोजकले जनाएको छ । नेपालगन्जलाई राष्ट्रिय तथा स्थानीय मुद्दाको विमर्श गर्ने थलोका रूपमा विकास गर्ने सोचले २०७३ सालदेखि निरन्तर यस प्रकारका डिस्कोर्स शृङ्खला सुरु गरिएको र यो चौथो संस्करण भएको आयोजकको भनाइ छ ।

# कोहलपुर नगरपालिकामा पनि समलिङ्गी विवाह दर्ता



नमस्ते समचारदाता
कोहलपुर, मंसिर/२०

कोहलपुर नगरपालिकामा पहिलो पटक समलिङ्गी विवाह दर्ता भएको छ । जाजरकोटकी ३० वर्षीय सञ्जु विक र कोहलपुर -१४ की २९ वर्षकी रिचा सुनारले कोहलपुर नगरपालिका वडा नम्बर १४ को कार्यालयमा पुगेर समलिङ्गी विवाह दर्ता गराएका हुन् । कोहलपुर नगरपालिका-१४ का वडाध्यक्ष नमबहादुर आलेमगरले वडा कार्यालयले नगरभित्रै पहिलो पटक समलिङ्गी विवाह दर्ता गरेको बताए । विवाह गर्ने जोडीको परिवारसँग समेत कुराकानी गरेर दुवैको राजीखुसीमा विवाह दर्ताको प्रमाणपत्र प्रदान गरिएको वडाध्यक्ष मगरले जानकारी दिएका छन् । वडा कार्यालयले विवाह दर्ता गरेपछि खुसी हुँदै सञ्जु र रिचा दुवै जनाले नगरपालिकालाई धन्यवाद दिएका छन् । समलिङ्गी विवाह दर्ता गर्न राष्ट्रिय परिपत्र तथा पञ्जीकरण विभागले गत वैशाख १२ गते सबै स्थानीय तहलाई परिपत्र जारी गरेको थियो । वडा सचिव हरिकृष्ण चौधरीले विभागको परिपत्र अनुसार अस्थायी अभिलेख रहने गरी विवाह दर्ताको प्रमाणपत्र दिइएको जानकारी दिए । सचिव चौधरीले कोहलपुरमा समलिङ्गी विवाह दर्ता पहिलो पटक गरेको बताए । उहाँले भन्नुभयो, चौधरीले, 'धेरै विवाह दर्ता गराएँ, समलिङ्गी विवाह दर्ता गरेको भने यो नै पहिलो पटक हो । मेरो लागि यो पनि नयाँ सिकाइ भयो ।' विवाह दर्ता गराउन मायाको पहिचान नेपालले अगुवाइ गरेको जनाएको छ । मायाको पहिचान नेपालको पहलमा सन्जु र रिचाको विवाह दर्ता हुन सफल भएको सो संस्थाका सचिव सुरेन्द्र पाण्डेले जानकारी गराए ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

# स्याटेलाइटबाट खोलाको क्षेत्राधिकार निगरानी गरिने

नमस्ते समचारदाता
धनगढी, मंसिर/२०



कैलालीको धनगढी उपमहानगर पालिकाले स्याटेलाइट प्रविधिबाट खोलाको क्षेत्राधिकार हेरचाह गर्ने भएको छ । धनगढी उपमहानगरपालिकाले बजार क्षेत्रमा रहेको खोलाको क्षेत्राधिकार प्रविधिमार्फत निगरानी गर्ने भएको हो । स्याटेलाइट प्रविधिको सहयोगमा पुराना अतिक्रमण हटाउन सहज हुने जनाएको छ । यसैगरी, नयाँ अतिक्रमण पनि रोकिने बताएको छ । स्याटेलाइटको प्रयोगले खोलाको क्षेत्राधिकार निगरानीका लागि खोला किनारमा पोलहरू गाड्न थालिएको छ । कसैले पोल सारेमा बाढीले बगाएमा स्याटेलाइट प्रविधिबाट निगरानी गर्न सकिने जनाइएको छ । नगर उपप्रमुख कन्दकला राना थारुले पोल गाड्ने कार्यको उद्घाटन गर्नुभयो । सुरुमा सुकुटी खोलामा पोल गाडिएको छ । नगरभित्र नक्साअनुसार खोलानालाको सिमाङ्कन र रेखाङ्कन गर्ने कामसँगै खोलानालाको सिमाना प्रस्ट हुनेगरी पिल्लर गाडेर सो बिन्दुहरूको जिआइएस नक्साङ्कन गर्ने जनाइएको छ । डिजीपीएस र स्याटेलाइटको तस्बिर प्रयोग गरी खोलानालाको सिमाना निगरानी गर्ने नगर प्रमुख गोपाल हमालले बताउनुभयो । धनगढी उपमहानगरपालिकाले हालसम्म खोलानालामा भएको पाँच किलोमिटर अतिक्रमण खाली गरिसकेको जनाएको छ ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके